**सामाजिक संघ संस्थाहरुको अनुगमन, सुपरीबेक्षण र मूल्यांकन निर्देशिका, २०७१**

**दोश्रो संशोधन, २०७३**

| हालको व्यबस्था | संशोधन हुनु पर्ने व्यबस्था | कारण |
|---|---|---|
| नियम ७.२ मा संशोधन गर्नु पर्ने<br>**मूल्यांकन टोलीको पारिश्रमिक निर्धारणः**<br>मूल्यांकन टोलीको पारिश्रमिक निर्धारण गर्दा तीनवटा विषयलाई मूख्य रुपमा आधार मानिने छ । यि तीन विषयको अंक भार समान रहने छ। प्रत्येक मूल्यांकनको लागि निम्न तीन वटा विषयको आधारमा तय हुने रकमको योगफललाई मूल्यांकन पारिश्रमिक मानिने छ ।<br>परियोजनाको कुल वजेट<br>परियोजना संचालित भौगोलिक क्षेत्र<br>परियोजनाको विषयगत सेवा क्षेत्र (Thematic Area) | नियम ७.२ मा संशोधन<br>**मूल्यांकन टोलीको पारिश्रमिक निर्धारणः**<br>मूल्यांकन टोलीको पारिश्रमिक निर्धारण गर्दा दुईवटा विषयलाई मूख्य रुपमा आधार मानिने छ । यि दुई विषयको अंक भार समान रहने छ। प्रत्येक मूल्यांकनको लागि निम्न दुईवटा विषयको आधारमा तय हुने रकमको योगफललाई मूल्यांकन पारिश्रमिक मानिने छ ।<br>परियोजनाको कूल वजेट<br>परियोजना संचालित भौगोलिक क्षेत्र | समसामयिक रुपमा संशोधन गर्न आवस्यक भएकोले । |
| नियम ७.३ मा साविकको व्यवस्था<br><br>परियोजनाको कुल बजेट बार्षिक १ लाख अमेरिकी डलर देखि २ लाख सम्म भएकालाई न्युनतम मूल्यांकन पारिश्रमिक निर्धारण हुनेछ । बार्षिक २ लाख अमेरिकी डलर भन्दा बढी बजेट हुने परियोजनाको हकमा प्रति १ लाख अमेरिकी डलर सम्ममा ने.रु २० हजारका दरले न्यूनतम पारिश्रमिकमा थपगरी कुल मूल्यांकन पारिश्रमिक निर्धारण गरिने छ । यस प्रयोजनको लागि मूल्यांकन गरिने समयावधि भरको कुल बजेटलाई लिईने छ। | नियम ७.३ मा नयाँ व्यवस्था<br><br>परियोजनाको कुल बजेट वार्षिक १० लाख अमेरिकी डलर सम्म हुने परियोजनाको हकमा न्यूनतम पारिश्रमिक रु.२,८०,०००।- लाई मानिने छ ।<br>कूल बजेट १० लाख अमेरिकी डलर देखि माथि २० लाख सम्म हुने परियोजनाको हकमा न्यूनतम पारिश्रमिको ३५ प्रतिशत थपगरी कूल पारिश्रमिक निर्धारण गरिने छ ।<br><br>कूल बजेट २० लाख अमेरिकी डलर देखि माथि ३० लाख सम्म हुने परियोजनाको हकमा न्युनतम पारिश्रमिको ५५ प्रतिशत थपगरी कूल पारिश्रमिक निर्धारण गरिने छ ।<br>कूल बजेट अमेरिकी डलर ३० लाख देखि माथि ४० | INGO को कार्यक्रम बजेट अनुसार हालको मूल्यांकनको पारिश्रमिक निर्धारणको व्यवस्था परिमार्जन गर्न र मूल्यांकन वापत दिईने पारिश्रमिक न्यून भएकोले सोमा समेत वृद्धि गर्न आवस्यक देखिएकोले । |

| | | |
|---|---|---|
| | लाख सम्म हुने परियोजनाको हकमा न्यूनतम पारिश्रमिकको ७५ प्रतिशत थपगरी कूल पारिश्रमिक निर्धारण गरिने छ ।<br><br>कूल बजेट अमेरिकी डलर ४० लाख देखि माथि ५० लाख सम्म हुने परियोजनाको हकमा न्यूनतम पारिश्रमिकको ९० प्रतिशत थपगरी कूल पारिश्रमिक निर्धारण गरिने छ ।<br><br>कूल बजेट अमेरिकी डलर ५० लाख भन्दा माथि हुने परियोजनाको हकमा न्युनतम पारिश्रमिको १०० प्रतिशत थपगरी कूल पारिश्रमिक निर्धारण गरिने छ । | |
| नियम ७.६. मूल्यांकन टोलीको न्यूनतम पारिश्रमिक | हटाउने | नियम ७.३. मा व्यबस्था भैसकेकोले |
| नियम ७.८ मा संशोधन<br>मूल्यांकन कार्यादेश (TOR) मा उल्लेख भएको कूल रकम सम्वन्धित संस्थाले परिषद्को खातामा जम्मा हुने गरी पठाउने र परिषद्ले आफ्नो नियमानुसार मूल्यांकन टोलीलाई पारिश्रमिक भूक्तानी गर्नेछ । परिश्रमिक भूक्तानी गर्दा नेपाल सरकारको नियमानुसार कर वापतको रकम कट्टा गरी बाँकी हुन आउने रकमको थप १५ प्रतिशत रकम समाज कल्याण परिषद्को संस्थागत सहयोग समेत कट्टा गरी भूक्तानी गरिने छ । परिषद् कार्यालयवाट संस्थागत सहयोग वापत कट्टा गरीएको रकमलाई छुट्टै बैंक खातामा जम्मा गर्ने व्यवस्थाको साथै यस खाताको कार्यविधि वनाई व्यवस्थापन गरिने छ । | मूल्यांकन कार्यादेश (TOR) मा उल्लेख भएको कूल रकम समाज कल्याण परिषद् परियोजना सम्झौता निर्देशिका २०७१ को नियम ३५ङ मा व्यवस्था भएको साझा कोष (Basket fund) वाट परिषद्ले आफ्नो नियमानुसार मूल्यांकन टोलीलाई पारिश्रमिक भूक्तानी गर्ने छ । पारिश्रमिक भूक्तानी गर्दा नेपाल सरकारको नियमानुसार कर वापतको रकम कट्टा गरी बाँकी हुन आउने रकमको थप १० प्रतिशत संस्था सुदृढीकरण कोषमा र २ प्रतिशत साझा कोषमा जम्मा हुने गरी रकम समेत कट्टा गरी भूक्तानी गरिने छ । परिषद् कार्यालयवाट संस्था सुदृढीकरण कोष वापत कट्टा गरीएको रकमलाई छुट्टै बैंक खातामा जम्मा गर्ने व्यवस्थाको साथै यस खाताको कार्यविधि वनाई व्यवस्थापन गरीने छ । | |
| नियम ११.५ क थप | नियम ११.५ क मा थप नया व्यवस्था<br><br>अनुसुचि ७ र ७ 'क' मा भएको टोली नेता र सदस्यको | कार्य संपादन मूल्यांकन फारम समय सापेक्ष |

| | | |
|---|---|---|
| | कार्य संपादन मूल्यांकन फारम आबश्कताका आधारमा सदस्य सचिबले संशोधन गर्न सक्ने छन् । | संशोधन गर्न पर्ने भएकोले । |
| नियम ११.६क थप | कार्य क्षमता मूल्यांकन बाट कार्य संपादन स्तर कमजोर हुने कर्मचारीको संबन्धमा परिषद सदस्य सचिबले निर्णय गरे बमोजिम हुने छ । | मूल्यांकन कार्यको कार्य संपादन स्तर प्रभाबकारी बनाउन |
| नियम ७.५. | हटाउने | मूल्यांकन कार्य सम्बन्धि पाारिश्रमिक नियम ७.३ मा आबश्यकता अनुसार परिमार्जन गरिएकोले । |

# <u>दोस्रो संशोधन प्रस्ताव, २०७३</u>

**१०. अनुगमन , सुपरीवेक्षण  एवं मूल्यांकन टोलीको सेवा सुविधा र पारिश्रमिक/लागत निर्धारण गर्ने आधार एवं मापदण्ड :-**

गैरसरकारी सामाजिक संघसंस्थाहरुको स्वीकृत वार्षिक परियोजना लागत/बजेटका आधारमा निम्न बमोजिम टोलीको पारिश्रमिक निर्धारणको  आधार वनाईने छ ।

| क सं | कार्यक्रम बजेट | अनुगमन/मूल्यांकन एकमुष्ट न्यूनतम पारिश्रमिक | संशोधन गर्नुपर्ने कारण |
|---|---|---|---|
| १ | रु पाँच लाख सम्म | टेवल अनुगमन गर्ने | साविकको पारिश्रमिक रकममा समसामयिक रुपमा वृद्धि गर्न आवश्यक देखिएको तथा रु १० (दश) करोड भन्दा माथीको परियोजनामा आर्थिक विज्ञलाई समेत टोली सदस्यको रुपमा समावेश गर्न आवश्यक देखिएकोले |
| २ | रु पाँच लाख देखि २० लाखसम्म | जि.वि.स.को प्रतिवेदनको आधारमा गर्ने | |
| ३ | रु २० लाख देखि माथी ३० लाखसम्म | रु ५०,०००।- | |
| ४ | रु ३० लाख  देखि माथी ४० लाखसम्म | रु ६०,०००।- | |
| ५ | रु ४० लाख देखि माथी ६० लाखसम्म | रु ७०,०००।- | |
| ६ | रु ६० लाख देखि माथी ८० लाखसम्म | रु ८०,०००।- | |

| | | | |
|---|---|---|---|
| ७ | रु ८० लाख देखि माथी एक करोडसम्म | रु १००,०००।- | |
| ८ | रु १ करोड देखि माथी १ करोड ५० लाख सम्म | रु १,१०,०००।- | |
| ९ | रु १ करोड ५० लाख देखि माथी २ करोड सम्म | रु १२०,०००।- | |
| १० | रु २ करोड देखि माथी २ करोड ५० लाख सम्म | रु १,३०,०००।- | |
| ११ | रु २ करोड ५० लाख देखि माथी ३ करोड सम्म | रु १,४०,०००।- | |
| १२ | रु ३ करोड देखि माथी ४ करोड सम्म | रु २,१५,०००।- | |
| १३ | रु ४ करोड देखि माथी ५ करोड सम्म | रु २,२५,०००।- | |
| १४ | रु ५ करोड देखि माथी रु १० करोड सम्म | रु २,७०,०००।- | |
| १५ | रु १० करोड भन्दा माथी रु २० करोड सम्म | रु ३,६०,०००।- | |
| १६ | रु २० करोड भन्दा माथी रु ३० करोड सम्म | रु ४,१०,०००।- | |
| १७ | रु ३० करोड भन्दा माथी रु ५० करोड सम्म | रु ४,६०,०००।- | |
| १८ | रु ५० करोड भन्दा माथी | रु ५,००,०००।- | |

# सामाजिक संघसंस्थाहरुको अनुगमन, सुपरिवेक्षण एवं मूल्यांकन निर्देशिका - २०७१ को

## दोस्रो संशोधन प्रस्ताव, २०७३

| बुदाँ नं | हालको व्यवस्था | संशोधन | संशोधन गर्नुपर्ने कारण |
|---|---|---|---|
| ९.३ | एक पटकमा तीन करोड भन्दा माथिको परियोजना स्वीकृत गरिएको भएमा त्यस्ता परियोजनाहरुको मूल्यांकन गर्दा परिषद्को विज्ञहरुको रोष्टर सूची भित्रबाट टोली नेता छनोट गरिनेछ । टोली सदस्य महिला बालवालिका तथा समाज कल्याण मन्त्रालय वा विषयगत मन्त्रालयबाट एक जना प्रतिनिधि सदस्य रहने र एक जना परिषद्को कर्मचारी रोष्टरबाट प्रतिनिधि तोकी तीन जनाको टोली वनाईनेछ । | एक पटकमा तीन करोड भन्दा माथिको परियोजना स्वीकृत गरिएको भएमा त्यस्ता परियोजनाहरुको मूल्यांकन गर्दा परिषद्को विज्ञहरुको रोष्टर सूची भित्रबाट टोली नेता छनोट गरिनेछ। टोली सदस्य महिला बालवालिका तथा समाज कल्याण मन्त्रालय वा विषयगत मन्त्रालयबाट एक जना प्रतिनिधि सदस्य रहने र एक जना परिषद्को कर्मचारी रोष्टरबाट प्रतिनिधि तोकी तीन जनाको टोली वनाईनेछ ।<br><br>तर १० (दश) करोड वा सो भन्दा माथी वजेट भएको स्वीकृत कार्यक्रममा परिषदको आर्थिक विज्ञको रोष्टर सूची भित्रबाट आर्थिक विज्ञ समेत छनोट गरी टोली सदस्यको रुपमा समावेश गरिने छ। | परियोजनाको वजेट अनुसार आर्थिक विज्ञको समेत आवश्यकता पर्ने भएकोले |

| | | | |
|---|---|---|---|
| १०.५ | बुँदा नं ९.२ अनुसारको टोली गठन गर्दा टोली नेता र टोली सदस्यको पारिश्रमिक रकममा कुल पारिश्रमिक रकमको ६० % र ४० % को अनुपातमा निर्धारण गरी टोलीलाई उपलब्ध गराईनेछ । उपरोक्त बुँदा नं ९.३ र ९.४ वमोजिम अनुगमन<br><br>मूल्यांकन टोलीको पारिश्रमिक गणना गर्दा तय भएको कुल पारिश्रमिक रकमको ४५ प्रतिशत टोली नेतालाई र अन्य दुई जना टोली सदस्यलाई ५५ प्रतिशत बराबरी हुनेगरी गणना गरिनेछ । | बुँदा नं ९.२ अनुसारको टोली गठन गर्दा टोली नेता र टोली सदस्यको पारिश्रमिक रकममा कुल पारिश्रमिक रकमको ६० % र ४० % को अनुपातमा निर्धारण गरी टोलीलाई उपलव्ध गराईनेछ । उपरोक्त बुँदा नं ९.३ र ९.४ वमोजिम अनुगमन मूल्यांकन टोलीको पारिश्रमिक गणना गर्दा तय भएको कुल पारिश्रमिक रकमको ४२ प्रतिशत टोली नेतालाई र अन्य दुई जना टोली सदस्यलाई ५८ प्रतिशत बराबरी हुनेगरी गणना गरिनेछ । तर आर्थिक विज्ञ थप हुने कार्यक्रममा टोली नेताको ३३ % आर्थिक विज्ञको २४ % र प्रतिनिधि सदस्यहरु २ जनाको ४३ % का दरले पारिश्रमिक कायम हुने छ । | टोली नेता र सदस्यको पारिश्रमिकको आनुपात धेरै फरक परेकोले तथा दश करोड भन्दा माथीका परियोजनामा आर्थिक विज्ञको व्यवस्था गरिएकोले नीजको समेत पारिश्रमिक व्यवस्था गर्नुपर्ने भएकोले । |
| ८.२ | बुदा नं ८.२ को अन्तमा नयाँ बुलेट थप गर्ने | परिषदका पदाधिकारी एवं सदस्यहरुको साथै विशेष अवस्थामा आवश्यकता अनुसारको विज्ञ सहितको टोलीवाट जुनसुकै समयमा पनि परियोजनाको निरिक्षण, सुपरिवेक्षण एवं जाँचबुझ गर्न सक्नेछन् । | |
| बुदा नं ८.२ को ७ औं | सामाजिक संघ संस्थाको सहयोगमा सञ्चालित परियोजनाको मूल्यांकन गर्न | सामाजिक संघ संस्थाको सहयोगमा सञ्चालित परियोजनाको मूल्यांकन गर्न तयार गरिएको कार्यादेश (TOR) भित्र रही | |

| | | | |
|---|---|---|---|
| बुलेटमा थप गर्ने | तयार गरिएको कार्यादेश (TOR) भित्र रही मूल्यांकन गर्ने कार्यमा परिषद्का पदाधिकारी र सदस्यहरुको सहभागिता हुने छैन । तर, परिषद्मा आवद्द सामाजिक संघसंस्थाहरुको अनुगमन, सुपरीवेक्षण र छानबिन गर्ने कार्यमा परषद्को तर्फवाट सहभागिता रहनेछ । | मूल्यांकन गर्ने कार्यमा परिषद्का पदाधिकारी र सदस्यहरुको सहभागिता हुने छैन । तर, परिषद्मा आवद्व सामाजिक संघसंस्थाहरुको अनुगमन, सुपरीवेक्षण र छानबिन गर्ने कार्यमा परषद्को तर्फवाट पदाधिकारी र सदस्यहरुको सहभागिता रहनेछ । | |

**अनुसूची ७**

**(नियम ३५ ङ संग सम्वन्धित)**

अर्न्तराष्ट्रिय गैरसरकारी संघसंस्थाहरुले परिषद् कार्यालयसंग परियोजना संझौता, नविकरण, अनुगमन तथा मूल्यांकन गर्दा परिषद् कार्यालयले लिने सेवा शुल्क :

| परियोजनाको रकम | परिषद् कार्यालयवाट लिईने शेवा शुल्क |
|---|---|
| रु १ करोड देखि रु १० करोड सम्म | रु ६ लाख |
| रु १० करोड देखि माथी रु २० करोड सम्म | रु ८,५०,०००।- |
| रु २० करोड देखि माथी रु ३० करोड सम्म | रु १०,२५,०००।- |
| रु ३० करोड देखि माथी रु ४० करोड सम्म | रु १२,००,०००।- |
| रु ४० करोड देखि माथी रु ५० करोड सम्म | रु १३,७५,०००।- |
| रु ५० करोड देखि माथी | रु १५,०००००।- |

**नोट :**

यो सेवा शुल्क रकममा अर्न्तराष्ट्रिय गैर सरकारी संस्थाहरुको मूल्यांकन, अनुगमन, सुपरिवेक्षण गर्न जाने टोलीको लजिष्टिक सपोर्ट (खाना, बास र यातायात) वापत खर्च हुने रकम समावेश गरिएको छैन । यस सम्वन्धी व्यवस्था सम्वन्धित अर्न्तराष्ट्रिय गैर सरकारी संस्थाले छुट्टै गर्नु पर्नेछ ।